GREEN VENTURES LIMITED

प.स. २०८२/०८३
च.नं. २२

मिति: २०८२।०५।११

श्री धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

सिडिएस एण्ड क्लियरिङ लि.
काठमाण्डौ ।

विषय: <u>कालीगण्डकी गर्ज हाइड्रोपावर प्रा.लि.को शेयर खरिद गर्ने जानकारी गराइएको सम्बन्धमा ।</u>

महोदय,

प्रस्तुत विषयमा यस ग्रीन भेन्चर्स लि.ले कालीगण्डकी गर्ज हाइड्रोपावर प्रा.लि.संग सो कम्पनीको ५१% संस्थापक शेयरहरु खरिद गर्ने सम्बन्धमा मिति २०८२।५।१० (अगष्ट २६, २०२५) मा शेयर खरिद सम्झौता (Share Subscription Agreement) सम्पन्न गरेको व्यहोरा अनुरोध छ । सो कालीगण्डकी गर्ज हाइड्रोपावर प्रा.लि.ले म्याग्दी र मुस्ताङ्ग जिल्ला स्थित कालीगण्डकी नदीमा १८० मेगावाट क्षमताको अर्धजलाशययूक्त (Peaking Run of the River–PROR) कालीगण्डकी गर्ज हाइड्रोपावर प्रोजेक्टको विकास तथा निर्माण गरिरहेको छ । सो आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भईसकेको छ । श्री लक्ष्मी सनराईज बैंक लि.को अगुवाईमा विभिन्न बैंकहरुको सहवित्तियकरण समूहले सो आयोजनामा लगानी गर्ने गरी यस अघिनै वित्तिय व्यवस्थापनको कार्य सम्पन्न भईसकेको छ। सो आयोजनाको अनुमानित कुल लागत रु. ३९ अरव ५० करोड रहेको छ। यसमा ऋण तथा स्वपूँजीको अनुपात ७५:२५ रहनेछ। यो आयोजनाको निर्माणवाट देशको उर्जा क्षेत्रको विकासमा उल्लेख्य योगदान पुग्ने विश्वास लिइएको छ।

भवदीय,

श्रीधर खनाल
प्रमुख कार्यकारी अधिकृत